नगर कार्यपालिकाको
बैठक संख्या: ३९, २०७९-२०८४
मिति २०८०/१२/०७ को
निर्णय प्रमाणित ...............

# कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ३९, २०७९-२०८४)

मिति : २०८० चैत्र ७ गते

**निर्णयहरुः**

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. मिति २०८० साल चैत्र ३ गते भएको कोहलपुर नगरपालिकाको चालु आ.ब. २०८०/०८१ को दोश्रो चौमासिकसम्म भए गरेका विकास निर्माण र सेवा प्रवाह विषयक सुनुवाई कार्यक्रममा प्राप्त रचनात्मक सुझाव, राय सल्लाह कार्यान्वयनको विषयमा समीक्षा गरियो । सार्वजनिक सुनुवाई कार्यक्रममा पेश भएको कोहलपुर नगरपालिकाको दोस्रो चौमासिकसम्मको प्रगति प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

३. कोहलपुर नगरपालिकाले चालु आ.ब. २०८०/०८१ को दोस्रो चौमासिक सम्मको आय व्यय विवरण अनुमोदन गरियो ।

४. चालु आ.ब. २०८०/०८१ का स्वीकृत वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका योजनाहरुको २०८० चैत्र मसान्तसम्म मात्र सम्झौता गर्ने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम उल्लेखित योजनाहरुको भुक्तानीका लागि सम्पूर्ण विवरण सहितका कागजात २०८१ बैशाख मसान्तसम्म पेश गर्ने गरी सबै शाखा/उपशाखा एवं वडा कार्यालयहरुले आवश्यक व्यवस्था मिलाउने ।

५. कोहलपुर नगरपालिकाका चालु आ.ब. २०८०/०८१ मा सञ्चालित योजनाहरुमध्ये वि सं २०८० फाल्गुन १० गतेदेखि २०८० चैत्र ६ गतेसम्म नगर स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन भई भुक्तानी गरिएका देहायका योजनाहरुको जाँचपास तथा फरफारक गर्ने ।

| क्र.सं. | अनुगमन भएका आयोजनाहरुको नाम | अनुगमन मिति | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | कोहलपुर नगरपालिकाको प्रशासनिक भवन | २०८०/११/१० | रु २४५00000 | छैठौ रनिङ बिल |
| २. | भोला टोल माटो ग्राभेल होम पाइप सहितको विभिन्न बाटो निर्माण | | रु.७,00000 | |
| ३. | मिना सिग्देलको घर देखि पुर्व जाने अथवा पुरानो महिला सहकारी जाने बाटो ग्राभेल पि.सि.सि बाटो निर्माण | २०८०/११/२१ | रु.६,00000 | |
| ४. | फुलबारी टोल सडक पक्की नाली निर्माण | | रु.७,00000 | |



धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ३९, २०७९-२०८४
मिति २०८०/१२/०७ को
निर्णय प्रमाणित ................

| क्र.सं. | अनुगमन भएका आयोजनाहरुको नाम | अनुगमन मिति | रकम | कैफियत |
|---|---|---|---|---|
| ५. | रामनगर विराट खानेपानी गेट हुँदै नेपालगञ्ज सुर्खेत रोड कालो पत्रे | | रु.४७,५०,००० | |
| ६. | राजमार्ग संग जोड्ने पुर्वी खण्डको निर्माण | | रु.१२,५०,००० | |
| ७. | रामफल थारुको घर देखि छोटेलाल थारुको घर सम्म पक्की नाली निर्माण | २०८०/११/२२ | रु.१३,५०००० | पुनः अनुगमन भएको |
| ८. | कौशिलानगर मुसिकोट लाइनमा अधुरो नाली निर्माण | | रु.७,००००० | |
| ९. | मैटहवा गाँउ उत्तर टोल गल्ली रउन्नती निर्माण | | रु.५,५०००० | |
| १०. | एच.डि.डि पाइप सप्लायर्स एण्ड डेलिभर | | | |
| ११. | उढारपुर गाँउमा नाली निर्माण | २०८०/११/२३ | रु.१२,००००० | |
| १२. | झोलुङगे पुल | | रु.५०,००००० | |
| १३. | शक्तिनगर रविन थापाको घर देखि लाल बहादुर डाँगीको घर सम्म र विनोद चौधरीको घरको कल्भर्ट देखि मिना शाहीको घर सम्म अधुरो पक्की नाली निर्माण | २०८०/१२/०४ | रु.१०,००००० | |
| १४. | पार्टी प्यालेस देखि पश्चिम पुरै चोक सम्म पक्की नाली निर्माण | | रु.१०,००००० | |
| १५. | हिमालय मदरसा गरिब नवान आ.वि पर्खाल निर्माण | | रु.१२,२८,३८१।४० | |
| १६. | बसपार्क ढल व्वस्थापन | | रु.१,००००० | |
| १७. | रामफल थारुको घर देखि छोटेलाल थारुको घर सम्म पक्की नाली निर्माण | २०८०/१२/०५ | | पुनः अनुगमन भएको |
| १८. | ने.रा.आ.वि को पर्खाल निर्माण | | रु.९,६९,३५१।७० | |
| १९. | सरस्वति मा.वि. भवन निर्माण | | रु.१६,००००० | |
| २०. | मन्नापुर पक्की नाली निर्माण | | रु.९,००००० | |

नगर कार्यपालिकाको
बैठक संख्या: ३९, २०७९-२०८४
मिति २०८०/१२/०७ को
निर्णय प्रमाणित ...............

६. कोहलपुर नगरपालिका अन्तर्गतका देहायका विषयगत समितिहरुबाट विभिन्न मितिमा भएका निर्णयहरु अनुमोदन गर्ने ।

क) विधायन समितिको मिति २०८०/०९/१९ र २०८०/११/१७ को सम्पूर्ण निर्णयहरु
ख) सिकलसेल एनिमिया समन्वय समितिको मिति २०८०/०८/२२ को सम्पूर्ण निर्णयहरु
ग) आर्थिक विकास समितिको मिति २०८०/११/२१ को सम्पूर्ण निर्णयहरु
घ) सामाजिक विकास समितिको मिति २०८०/११/२१ को सम्पूर्ण निर्णयहरु
ङ) बसपार्क व्यवस्थापन समितिको मिति २०८०/१२/०६ को सम्पूर्ण निर्णयहरु

७. सामाजिक विकास समितिको मिति २०८०/११/२१ बैठकको निर्णय बमोजिम आ.ब. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम "द्वन्द पीडित समुदाय लक्षित सीपमुलक कार्यक्रम" खर्च शीर्षकमा बिनियोजित बजेट रु २(दुई) लाखबाट न्यायको लागि द्वन्द पीडित समाज नेपाल, नगर कार्य समिति, कोहलपुर १० लाई मुढा बनाउने तालिम कार्यक्रम सञ्चालनका लागि सम्झौता गरी कार्यान्वयन गर्न निर्देशन दिने ।

८. विधायन समितिको सिफारिश बमोजिम घर बहाल कर एवं व्यवसाय कर कार्यविधिमा प्रस्तावित संशोधन बमोजिम बहाल कर, व्यवसाय दर्ता एवं व्यवसाय कर संकलनको जिम्मेवारी सम्बन्धित वडा कार्यालयलाई नै प्रदान गर्ने । घर बहाल कर बुझाउने दायित्व घर बहालमा लगाउने व्यक्तिकै हुने भएकाले सो सम्बन्धमा आवश्यक सचेतना अभिवृद्धि गरी उत्कृष्ट करदातालाई सम्मान गर्ने व्यवस्था गर्ने ।

९. कोहलपुर नगरपालिकाको पशु सुत्केरी भत्ता वितरण कार्यक्रम संचालन कार्यविधि, २०७५ लाई संशोधन गर्ने।

१०. यस नगरपालिका भित्र स्वास्थ्य संस्था सञ्चालन अनुमति एवं नवीकरण सम्बन्धमा कोहलपुर नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण निर्देशिका (पहिलो संशोधन) २०७८ बमोजिम गठन भएको प्राबिधिक समितिबाट प्राप्त प्रतिवेदन बमोजिम देहाय बमोजिम स्वास्थ्य संस्थाहरुलाई नयाँ दर्ताका लागि १(एक) वर्ष एवं नवीकरण ५(पाँच) वर्ष अवधि कायम हुने गरी सञ्चालन अनुमति प्रदान एवं नवीकरण गर्ने ।

| सि.नं. | स्वास्थ्य संस्थाको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| १ | कोहलपुर सिटी अस्पताल, कोहलपुर ११, बाँके | नवीकरण |
| २ | भेरी कर्णाली अस्पताल प्रा.लि., कोहलपुर ११, बाँके | नवीकरण |
| ३ | श्री अगा अस्पताल प्रा.लि., कोहलपुर ११, बाँके | नवीकरण |
| ४ | हिमालय अमृत अस्पताल, कोहलपुर १०, बाँके | नवीकरण |
| ५ | कोहलपुर आँखा अस्पताल प्रा.लि., कोहलपुर ११, बाँके | नयाँ दर्ता |
| ६ | कोहलपुर डेन्टल अस्पताल प्रा.लि., कोहलपुर ११, बाँके | नयाँ दर्ता |
| ७ | पुजा डेन्टल क्लिनिक, कोहलपुर ११, बाँके | नयाँ दर्ता |
| ८ | शुभकामना डेन्टल क्लिनिक, कोहलपुर ११, बाँके | नयाँ दर्ता |



धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ३९, २०७९-२०८४
मिति २०८०/१२/०७ को
निर्णय प्रमाणित ................

| | | |
|---|---|---|
| ९ | सि.जि.एन. स्वास्थ्य क्लिनिक, कोहलपुर ११, बाँके | नयाँ दर्ता |
| १० | आर.एम. हस्पिटल प्रा.लि., कोहलपुर ११, बाँके | नयाँ दर्ता |
| ११ | फ्रेश डेन्ट क्लिनिक, कोहलपुर ११, बाँके | नयाँ दर्ता |
| १२ | पवित्रा स्वास्थ्य क्लिनिक तथा प्याथोलोजी सेन्टर, कोहलपुर ११, बाँके | नयाँ दर्ता |
| १३ | गुराँश सेवास्थ्य क्लिनिक, कोहलपुर ११, बाँके | नयाँ दर्ता |
| १४ | सगौरभ स्वास्थ्य सेवा क्लिनिक, कोहलपुर ९, बाँके | नयाँ दर्ता |
| १५ | पब्लिक आरोग्य क्लिनिक तथा प्याथोलोजी डाइगोनेष्टिक सेन्टर, कोहलपुर ११, बाँके | नयाँ दर्ता |
| १६ | माता मनकामना आयुर्बेद, कोहलपुर ११ | नयाँ दर्ता |
| १७ | ओम भेरी डेन्टल क्लिनिक, कोहलपुर ११ | नयाँ दर्ता |

११. मिति २०८०/११/३ देखि ऐ. ९ गतेसम्म काठमाडौंमा सञ्चालन भएको मानव अधिकार विश्व भेला तथा सम्मेलनमा सहभागीहरुको यातायात तथा खाना खर्च वापत सामाजिक विकास समितिको २०८०/११/०१ गते बैठकबाट सिफारिस भई आए बमोजिम चालु आ.ब. २०८०/०८१ को स्वीकृत कार्यक्रम सि.नं. ५९३ "दलित समुदाय लक्षित कार्यक्रम" शीर्षकबाट दलित सेवा संघलाई बिल भरपाई बमोजिम रु.९९,०००।- उपलब्ध गराउने ।

१२. नगरपालिका क्षेत्र भित्र हुने सडक दुर्घटना न्युनीकरणका लागि ट्राफिक सप्ताह कार्यक्रम गरेकोमा चालु आ.ब. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रमको सि.नं. ६००, ट्राफिक व्यवस्थापन तथा सवारी दुर्घटना न्युनीकरण खर्च शीर्षकबाट खर्च हुने गरी रु.५९,०००।- उपलब्ध गराउने ।

१३. कोहलपुर नगरपालिकाको आयोजनामा ११४ औं महिला दिवस "महिलामा लगानी सभ्य र समुन्नत समाजको थालनी" भन्ने नाराका साथ कोहलपुर नगरपालिका महिला, बालबालिका तथा समावेशीकरण उप-शाखाबाट विभिन्न कार्यक्रम गरी २०८०/११/२४ र २५ गते सञ्चालन भएकोमा चालु आ.ब. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रमको सि.नं. ८१ नगरपालिका स्थापना दिवस तथा अन्य दिवशीय कार्यक्रम खर्च शीर्षकबाट रु.२,००,०००।-(दुई लाख) रुपैयाँ भुक्तानी गर्ने ।

१४. यस नगरपालिकामा २०८० माघ १ गते सञ्चालन भएको माघी महोत्सव - माघी विशेष थारु सांस्कृतिक कार्यक्रम सञ्चालनका लागि आ.ब. २०८०/०८१ को स्वीकृत वार्षक कार्यक्रम अन्तर्गत "आदिवासी जनजाती लक्षित कार्यक्रम" शीर्षकबाट क्रियाशिल युवा क्लब, कोहलपुर ७, बाँकेलाई बिल भरपाई बमोजिम रु.२,००,०००।(दुई लाख) उपलब्ध गराउने।

१५. गत आ.ब. मा १२ औं नगरसभा सञ्चालन व्यवस्थापनका लागि टेन्ट, कुर्चि, टेबुल, पंखा उपलब्ध गराए वापत भुक्तानी पाउँ भनी निवेदन पेश भएकोमा मुस्कान टेन्ट हाउस, कोहपुर ९ बाँकेलाई टेन्ट लगायत सामाग्री उपलब्ध गराए वापत बिल बमोजिम रु.१७,०००।-(सत्र हजार) भुक्तानी दिने ।



धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ३९, २०७९-२०८४
मिति २०८०/१२/०७ को
निर्णय प्रमाणित ................

१६. यस कोहलपुर नगरपालिका ९ नं वडा कार्यालयमा भूमि सम्बन्धी नापजाँचको कार्यमा खटिएका २ जना चेनमेनहरुको ११२ दिनको ज्याला भुक्तानी गर्ने । ।

१७. कोहलपुर नगरपालिका अन्तर्गतको सामाजिक विकास तर्फको स्वीकृत वार्षिक कार्यक्रम सडक मानव सेवा गर्ने संस्थालाई सहयोग कार्यक्रमबाट आवश्यक सहयोग प्रदान गर्न यस नगरपालिकाबाट मिति २०८०/११/१४ गते प्रस्तावना आव्हान भएकोमा तोकिएको क्षेत्रमा कार्य गर्ने सेवा प्रदायक संस्था नीलसागर सेवाश्रमको एक मात्र प्रस्तावना पेश हुन आएकाले उक्त संस्थासँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्ने ।

१८. कोहलपुर बसपार्क भित्र खानेपानी व्यवस्थापनका लागि आवश्यक खानेपानी धारा जडान गरी सञ्चालनमा रहेकोमा कोहलपुर नगरपालिकाका नाममा उक्त खानेपानीको धारा जडान गर्ने कार्यका लागि आवश्यक सिफारिश गर्ने र खानेपानी उपयोगको महशुल सम्बन्धित प्रयोगकर्ता नै हुने गरी कोहलपुर बृहत शहरी खानेपानी उपभोक्ता संस्था, कोहलपुर ११, बाँके मा सिफारिस गर्ने।

१९. कोहलपुर नगरपालिका वडा नं. १५, चौधरीया गाउँमा रहेको श्री शिव मन्दिर संरक्षण समितिलाई रंगरोगन लगायतका कार्यका लागि विभिन्न वडाहरुको अधुरो मन्दिरहरुको पुर्वाधार विकास तथा व्यवस्थापन शीर्षकबाट रु.२,००,०००।-(दुई लाख) उपलब्ध गराउने ।

२०. शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्राप्त प्रस्ताव उपर छलफल भई देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क. विद्यालय व्यवस्थापन समितिको निर्णय सहित प्राविधिक लागत अनुमान समेतका आधारमा श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय, कोहलपुर १५, चन्नहवा, श्री जन ज्ञानज्योति माध्यमिक विद्यालय, कोहलपुर १, कौशिलानगर र नेपाल राष्ट्रिय आधारभूत विद्यालय, कोहलपुर ७, लखनवारको जिर्ण भवन विस्थापनका लागि अनुमति दिने ।

ख. यस नगरपालिकामा शिक्षा विज्ञको रुपमा कार्यरत रहनुभएका श्री जित बहादुर शाहले २०८० श्रावण महिनामा विज्ञ सेवा उपलब्ध गराए वापतको यातायात खर्च रकम कोहलपुर नगरपालिकामा बिज्ञ तथा सल्लाहकार नियुक्ति सम्बन्धी कार्यबिधी, २०७९ बमोजिम उपलब्ध गराउने ।

ग. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागि देहाय बमोजिमका विद्यालयहरु छनौट गरी सिफारिस गर्ने ।

| सि नं | विद्यालयको नाम | सिफारिश गरिने क्षेत्र |
|---|---|---|
| १ | नेपाल राष्ट्रिय मा.बि., खड्कवार | भौतिक निर्माण |
| २ | कृष्ण मा.वि., कौशिलानगर | भौतिक निर्माण |
| ३ | ज्ञानज्योति मा.वि., बगिया | भौतिक निर्माण |
| ४ | सिद्धार्थ मा.बि., रझेना | भौतिक निर्माण |
| ५ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय, चटार | पुस्तकालय |



धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ३९, २०७९-२०८४
मिति २०८०/१२/०७ को
निर्णय प्रमाणित ..............

| | | |
|---|---|---|
| ६ | जनज्ञानज्योति मा.वि., कौशिलानगर | पुस्तकालय |
| ७ | नेपाल राष्ट्रिय आधारभुत विद्यालय, कोहलपुर ७, लखनवार | आइसिटि ल्याब |
| ८ | कोहलपुर माध्यमिक विद्यालय, टाउनप्लानिङ | आइसिटि ल्याब |
| ९ | विद्याज्योति प्राथमिक विद्यालय, चप्परगौडी | आइसिटि ल्याब |

२१. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७८/१२/१३ गतेको निर्णयानुसार मृगौला प्रत्यारोपण गरेका, डाइलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यबिधी, २०७८ बमोजिम यस नगरपालिकामा २०८० कार्तिकदेखि २०८० पुष मसान्तसम्म पेश भएका निवेदनहरुको नगरपालिकाको चालु आ.ब. मा बिनियोजित बजेटको मिल्दोजुल्दो शीर्षकबाट सापटी लिई भुक्तानी दिने र सो को सोधभर्नाका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गरी पठाउने ।

२२. कोहलपुर नगरपालिका र एसिएन टेक्नो ट्रेडर प्रा.लि., ललितपुर बीच ठेक्का नं. BANKE/KOMUN/G/NCB-09/2080/081 Procurement of Manual Plasma Expressor, Bench Top Tube sealer, Centrifuge Bucket Equalizer, Platelet's agitator with incubator, Blood Bag Centrifuge को लागि भएको सम्झौताको म्याद २०८०/१२/२० गतेसम्म रहेकोमा उपकरण उत्पादन समय बढी रहेको, उपकरणहरुको उत्पादन पश्चात परीक्षण तथा Calibration कार्य गर्नुपर्ने, परीक्षण, प्याकिङ र भारतबाट ढुवानी गर्नुपर्ने भएकाले १(एक) महिना म्याद थपका लागि पेश गरेको निवेदन बमोजिम उक्त प्रा.लि.सँगको सम्झौताको म्याद १(एक) महिना थप गर्ने।

२३. वडा कार्यालयबाट वडा समितिको निर्णय गराई वडाको स्वीकृत बजेट शीर्षकको परिधिभित्र रही खर्च गर्ने गरी वडा नं. ५ को च.नं. १७४० मिति २०८०/११/२२ को पत्रबाट सिफारिश गरी पठाईएकोमा सि.नं. २७० "विविध तथा भैपरी आउने" शीर्षकबाट प्रदेश स्तरीय अधिवेशनका लागि श्री लोकतान्त्रिक आदिवासी जनजाति महासंघ नेपाल, लुम्बिनी प्रदेश कमिटीलाई रु.५,०००।– (पाँच हजार) आर्थिक सहायता उपलब्ध गराउने ।

२४. यस नगरपालिकामा कार्यरत अ.न.मि. श्री शरु थापा (क.सं.नं. २२८२८८) ले चिकित्सा शिक्षा आगोगद्वारा लिइएको BNS/BMS प्रवेश परीक्षा उत्तीर्ण भई नेपालगञ्ज नर्सिङ क्यापसमा छात्रबृत्ति कोटामा परेकाले निजलाई आ.ब. २०८०/०८१ देखि सञ्चालन हुने BNS/BMS शैक्षिक कार्यक्रम अध्ययनका लागि नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ३२(क) बमोजिम मनोनयन समेत भएको देखिएकाले निजको अध्ययन बिदाका लागि मिति २०८०/१०/२९ गते देखि २०८३/१०/२८ सम्म नियमानुसार ३(तीन) बर्षको तलबी अध्ययन बिदा स्वीकृतिका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

धीलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ३९, २०७९-२०८४
मिति २०८०/१२/०७ को
निर्णय प्रमाणित ...............

२५. कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय परिसर भित्र सञ्चालनमा रहेको बागेश्वरी चमेना गृह, कोहलपुर ११ को बहाल सम्झौता २०८०/११/०४ गते समाप्त हुने भएकाले बहाल सम्झौताको म्याद १(एक) वर्षको लागि थप गर्ने ।

२६. कोहलपुर क्षेत्रभित्रका सबै पत्रकारहरुलाई समेट्ने उद्देश्यका साथ आवश्यक तालिम एवं प्रशिक्षण प्रदान गर्ने उद्देश्यका साथ नेपाल पत्रकार महासंघको तर्फबाट पेश भएको प्रस्तावना बमोजिम उक्त तालिम सञ्चालनका लागि र मधु मिडिया प्रालिबाट सूचना तथा फिचर प्रकाशन कार्यका लागि पेश गरेको प्रस्तावना स्वीकृत गरी उल्लेखित कार्यका लागि क्रमशः रु ४ लाख र १ लाख ५० हजार पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च शीर्षकबाट भुक्तानी दिने ।

२७. सङ्घीय आयोजना कार्यान्वयन ईकाईद्वारा कोहलपुर नगरपालिका क्षेत्रभित्र कार्यान्वयन गरिने सघन शहरी विकास कार्यक्रम अन्तर्गत एकीकृत पूर्वाधार विकास कार्यका लागि आय आर्जन सम्बन्धी पूर्वाधार योजना (मिनि मार्केट तर्फ) राम मा.वि. मा व्यवसायिक भवन बनाउने प्रयोजनका लागि आवश्यक जग्गा उपलब्ध गराउने सम्बन्धमा कोहलपुर नगरपालिकाबाट मिति २०८०/१२/०५ गते पत्राचार गरिएकोमा राम मावि व्यवस्थापन समितिको मिति २०८०/१२/०६ को निर्णय बमोजिम विद्यालयबाट आवश्यक जग्गा सहित अनुमती सिफारिश प्राप्त भई आएको हुँदा व्यवसायिक भवन/सटर निर्माणका लागि सम्बन्धित निकायमा सिफारिश गरी पठाउने ।

२८. कोहलपुर नगरपालिका वडा नं १४ स्थित नमूना बाल उद्यान पार्क निर्माण गर्ने सम्बन्धमा विनियोजित बजेट रकम रु ५० लाखबाट राम माविका नाममा रहेको जग्गामा बनाउने गरी आवश्यक प्रकृया अघि बढाउने । उल्लेखित योजना बोलपत्रका माध्यमबाट गर्न समय अभाव हुने अवस्था देखिएको कारण उपभोक्ता समितिबाट सञ्चालन गर्ने गरी निर्देशन दिने ।

२९. कोहलपुर नगरपालिका वडा नं ९ मस्जिद टोलमा राम प्रवेशको घरदेखि पुरुवा जाने बाटोमा नाली निर्माण योजनाका लागि नगरका विभिन्न बाटोहरुको स्तरोन्नति शीर्षकबाट रु २(दुई) लाख विनियोजन गर्ने ।

३०. प्रबुद्ध ज्येष्ठ नागरिक मञ्च कोहलपुरको पोखरी तथा बगैंचा व्यवस्थापनका लागि भैपरी आउने पुँजिगत खर्च शीर्षकबाट रु.१,००,०००।– (एक लाख) उपलब्ध गराउने ।

३१. कोहलपुर नगरपालिका वडा नं. ३ निवासी श्री जनक कुमारी न्यौपानेको आर्थिक अवस्था कमजोर हुनुका साथै अशक्त, असहाय एवं एकल महिला भएकाले निजलाई भैपरी आउने चालु खर्च शीर्षकबाट रु.२५,०००।– (पच्चिस हजार) उपलब्ध गराउने ।

३२. कोहलपुर नगरपालिका नगरपालिका वडा नं. ५ बस्ने फकिरे थारुको छोरा मिथुन थारुले घर बनाउने क्रममा करेण्ट लागी सख्त घाईते भई काठमाडौं स्थित बीर अस्पतालमा उपचाराराथ रहेकोमा निजको घरको आर्थिक



धीलकराज ढंकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ३९, २०७९-२०८४
मिति २०८०/१२/०७ को
निर्णय प्रमाणित ................

अवस्था एकदमै कमजोर भई आम्दानीको श्रोत समेत केही नरहेको भनी आर्थिक सहायताका लागि ५ नं. वडा कार्यालयको सिफारिस सहितको पत्र प्राप्त भएकोमा निजको औषधी उपचारका लागि रु.१५,०००।– (पन्ध्र हजार) र वडा नं. १ बस्ने तिला चन्दलाई रु.१५,०००।– (पन्ध्र हजार) आर्थिक सहायता उपलब्ध गराउने।

३३. कोहलपुर नगरपालिका वडा नं. ८ झरकट्टी देखि मसानघाट जोड्ने झोलुङ्गे पुल निर्माणका लागि आवश्यक बजेट व्यवस्था गर्न स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, सुर्खेतमा लेखी पठाउने ।

३४. चालु आ.ब. २०८०/०८१ को वडातर्फको सिलिङ्बाट छनौट गरिएका देहायका योजनाहरुको संशोधनका लागि वडा समितिबाट निर्णय भै आएकोले आगामी नगरसभाबाट अनुमोदन हुन गरी स्वीकृत गर्ने।

**वडा नं. १४ (वडा समितिको मिति २०८०/१०/१५ को निर्णय बमोजिम)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | विपद व्यवस्थापन तर्फ (सि.नं. ४१०) | ढाडागाउँको बाटोमा पानी निकास र ह्युमपाइप तथा माटो पटान | ३,००,००० | |

**वडा नं. १३ (वडा समितिको मिति २०८०/१२/०७ को निर्णय बमोजिम)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | वेतेनीमा पक्की नाली र तटबन्धन (नगरसभाबाट संशोधित) | खड्कवार बेतेनी जैविक पार्क तथा पिकनिक स्पोट निर्माण | ४,००,००० | सि.नं. ४०१ |
| २ | सिराहमा बाटो ग्राभेल (कार्यपालिकाबाट मिति २०८०/११/१४ मा संशोधित) | वहिनी खोला सामुदायिक वनको वरको रुखदेखि मान बहादुर चन्दको घर हुँदै बालशिक्षा मा.बि. भरैयासम्म बाटो स्तरोन्नती र ग्राभेल | १,००,००० | सि.नं. ३९८ |

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत